त्रिभुवन विश्वविद्यालय
रजिष्ट्रारको कार्यालय
सूचना तथा जनसम्पर्क महाशाखा

काठमाडौं, नेपाल ।
फोन : ०१-४३३०३४६

:

मिति २०७७।०९।०३

# हिउँदे विदा सम्बन्धी जरुरी सूचना ।

विश्वव्यापी रुपमा फैलिरहेको कोरोना भाइरस (कोभिड-१९) को नेपालमा सम्भावित जोखिम नियन्त्रणका लागि विशेष सचेतता अपनाई पूर्व तयारी एवं सतर्कता अवलम्बन गर्न आवश्यक रहेकोले नेपाल सरकारका सरोकारवाला निकायहरुसंगको समन्वयमा त्रिभुवन विश्वविद्यालय अन्तर्गतका सम्पूर्ण आंगिक तथा सम्बन्धन प्राप्त क्याम्पसका पठन पाठन तथा परीक्षाहरु २०७६ चैत्र ७ गतेदेखि बन्द गरी अनलाइन (Online) कक्षा सञ्चालनको व्यवस्था गरिएको र विद्यार्थीहरुको शैक्षिक सत्र खेर जान नदिन हालको परीक्षा समयमै सम्पन्न गर्ने एवं अर्को बर्ष/सेमेष्टरको बाँकि पढाई सम्पन्न गरी परीक्षा सञ्चालन गर्नुपर्ने हुनाले कोभिड १९ को जोखिम नियन्त्रणका लागि पुर्वतयारी एवं सतर्कता अवलम्बन गर्दै क्रमशः परीक्षा सञ्चालनको व्यवस्था गरिएको व्यहोरा विदितै छ । साथै हाल बन्द अवस्थामा रहेका क्याम्पस/विभाग/ स्कूलहरुको प्रत्यक्ष कक्षा सञ्चालनको अनिवार्यतालाई विचार गरी त्रिभुवन विश्वविद्यालय अन्तर्गतका सबै क्याम्पस/ विभाग/ स्कूलहरुले स्थानिय निकायले तोकेको समयसीमा र मापदण्ड भित्र रहनेगरी स्थानिय निकायसंग समन्वय गरी जोखिम नियन्त्रणका लागि पुर्वतयारी एवं सतर्कता अवलम्बन गर्दै सम्भव भएसम्म भौतिक उपस्थिति गराई कक्षा सञ्चालन गर्न र यसोगर्न सम्भव नभए अन्य वैकल्पिक विधिको प्रयोग गरी कक्षा सञ्चालनको व्यवस्थागर्न सूचना गरिसकिएको छ ।

यस परिस्थितिमा कक्षा तथा परीक्षा सञ्चालनको अनिवार्यतालाई मध्यनजर गरी त्रि.वि.का शिक्षकहरुलाई दिइदै आएको हिउँदे विदाको व्यवस्था यो बर्षको लागि रद्द गरेर पठनपाठनलाइ सुचारुगर्ने त्रि.वि. कार्यकारी परिषदको निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध गरिन्छ । यस असहज परिस्थितिमा विश्वविद्यालयका शिक्षकहरुले देखाउनु भएको सदासयताका लागि हार्दिक धन्यवाद ज्ञापन गर्दै आगामी दिनहरुमा पनि सम्पूर्ण शिक्षकहरुको सदासयता र सहयोगको अपेक्षा गरिएको छ ।

सूर्यप्रसाद अधिकारी
प्रमुख

Email: info@tribhuvan-university.edu.np, Email: tuinformation@yahoo.com
Website: www.tu.edu.np